"कृषि पर्यटन हरियाली वन, समृद्ध मोलुङको खुसियाली मन"

# मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

प.सं.: २०७८/७९ स्था :२०७३ १ नं. प्रदेश, नेपाल

सू.नं.: ९६

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

**सूचना प्रकाशन मिति २०७८।०८।२६ गते**

चालु आर्थिक बर्ष २०७८।०७९ मा यस मोलुङ गाउँपालिकाबाट शैक्षिक संस्थाहरुमा उद्यमशिलता प्रवर्द्धनका लागि १ वटा सामुदायिक माध्यमिक विद्यालयमा **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम** मार्फत आर्थिक अनुदान / सहायता दिने कार्यक्रम रहेकाले उक्त कार्यक्रम संचालन गर्न इच्छुक यस मोलुङ गाउँपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुले सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र यस मोलुङ गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन वा गाउँपालिकाको molungrm@gmail.com मा ईमेल गरी पठाउनु हुन यो सूचना गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु:**

१. उद्यम परियोजना प्रस्ताव ।

२. विद्यालय व्यबस्थापन समिति र सम्वन्धित वडा समितिको प्रतिवद्धता पत्र ।

३. विद्यालय उद्यम कोष स्थापना भएको प्रमाणित हुने कागजात।

४. प्राविधिक धार संचालन भएको भए अनुमति पत्रको प्रतिलिपि ।

५. विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, जनशक्ति र बाताबरणिय पुर्वाधार सहित विद्यालयको संक्षिप्त प्रोफाईल ।

६. विद्यालयको बिगत तिन बर्षको शैक्षिक उपलब्धि विवरण ।

७. पूर्व विद्यार्थि मञ्च र उद्यमि विद्यार्थि क्लब गठन भएको भए सोको प्रमाणित हुने कागज ।

८. आ.व. २०७७।०७८ को लेखा परिक्षण प्रतिवेदन ।

**पुनश्चः**

१. विद्यालयको छनौट मोलुङ गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधी २०७८ बमोजिम हुनेछ । छनौट भएको विद्यालयलाई कार्यक्रम संचालनका लागि एकमुष्ट रु ५,००,०००।- (पाँच लाख रुपैया) उपलब्ध गराइनेछ । उक्त कार्यविधी मोलुङ गाउँपालिकाको वेवसाइट www.molungmun.gov.np हेर्न सकिनेछ ।

२. उद्यम प्रस्तावको खाका मोलुङ गाउँपालिकाको वेवसाइट www.molungmun.gov.np हेर्न सकिनेछ ।

..............................

सन्तोष गौतम

नि. प्रमुख प्रशासकिय अधिकृत

सन्तोष गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

"कृषि पर्यटन हरियाली बन, समृद्ध मोलुङको खुसियाली मन"
मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्राप्चा, ओखलढुङ्गा

प.सं.: २०७८/०७९ स्था :२०७३ १ नं. प्रदेश, नेपाल
च.नं.:

श्रीमान् अध्यक्ष ज्यु.
मोलुङ गाँउपालिका,
प्राप्चा , ओखलढुङ्गा

महोदय,
त्यस पालिकाबाट मिति २०७८ साल मंसिर २६ मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा **"एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम"** सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ .

१. विद्यालयको नाम र ठेगानाः
२. प्राविधिक तथा व्यावसायिक धाररशिक्षा भए विषय र नमुना विकासको लागि छनौट भएको मितिः-
३. प्रधानाध्यापकको नाम र सम्पर्क नः-
४. उद्यमी विद्यार्थी क्लबका अध्यक्षको नाम र सम्पर्क नः-
५. उद्यम गर्न चाहेको व्यवसायिक क्षेत्रः
६. **कक्षागत विद्यार्थी विवरणः** (कक्षा ९-१२)
७. **जग्गा सम्बन्धी विवरणः**
क. **विद्यालयको नाममा रहेकोः**
ख. **विद्यालयको हकभोग प्राप्तः**
ग. वर्तमानमा उपयोगको अवस्थाः
घ. भौतिक पूर्वाधार सम्बन्धी विवरणः
क. कक्षाकोठा संख्याः
ख. कक्षाकोठा उपयोगको अवस्थाः
ग. प्रयोगशालाको अवस्थाः
घ. पानी विजुलीको उपलब्धता
ङ. उपलब्ध अन्य साधन स्रोतको विवरणः
च. उद्यम कोष सम्बन्धी विवरणः
क. कोष रहेको बैंकको नामः ग. खाता नः-
ख. कोष सञ्चालकहरूको नामः

हस्ताक्षर
उद्यमी विद्यार्थीक्लब अध्यक्षको नामः
मितिः

हस्ताक्षर
प्रधानाध्यापकको नामः
मितिः

व्यावसायिक परियोजना प्रस्तावको नमुना ढाँचा

| क्र. स. | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लवको नामः ...........................<br>उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम, पृष्ठभूमि) ............................<br>उद्यमको उद्देश्य ............................<br>उद्यमको क्षेत्र .........................<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम.................... |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश ............................ जिल्ला....................<br>गापा/नपा......... वडा नं. .......... टोल............. |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र .........................................<br>छात्रा .........................................<br>जनशक्तिको प्राप्ति .........................................<br>(स्थानीय स्तर वा बाह्य) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम ................................................<br>स्रोत (स्थानीय वा वाह्य) ...................................... |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम ...................................<br>अनुमानित लागत .............................<br>स्रोत ................................ (वाह्य/स्थानीय) |
| ६ | उद्यमका लागि अनुमानित लागत | कूल रु .............................<br>चल पुँजी रु .........................<br>अचल पुँजी रु .........................<br>अचल पुँजीको नाम ..............................<br>आफ्नो लगानी ...........................<br>बाह्य लगानी ................. |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नाम ..............................<br>(स्थानीय/जिल्ला/प्रदेश/राष्ट्रिय)<br>दुरी ..................................... |

| | | |
|---|---|---|
| | | ढुवानी खर्च ..................................<br>लक्षित ग्राहकहरू ............................<br>प्रतिस्पर्धाको अवस्था ......................<br>बजार विकासको सम्भावना .............................. |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु ................................<br>जम्मा अनुमानित वार्षिक खर्च ..............................................<br>वार्षिक अनुमानित नाफा रु ...................................... |
| ९ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लव बाहेक) | छात्र .................................<br>छात्रा ..........................................<br>अन्य ..............................................<br>जम्मा ............................................... |
| १० | उद्यम सञ्चालन गर्न आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेको ................................<br>उपलब्ध नरहेको ......................................... |
| ११ | अन्य (प्रविधिको प्रयोग, .... ) | .......... |
| १२ | उद्यमको कार्यान्वयन योजना (५ वर्षको) | ................. |

## मोलुङ गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८

स्वीकृत मिति. २०७८/०८/२१ गते

**१. प्रस्तावनाः-** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ निर्देशित गरेअनुसार उद्यमशीलता मार्फत् सार्वजनिक शिक्षाको सबलीकरणका लागि शैक्षिक संस्था मार्फत् **"एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम"** लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यबिधि बनाईएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः-** (१)यो कार्यबिधिको नाम **"एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८"** रहेकोछ ।

(२) यो कार्यबिधि मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

क) **"एक शैक्षिक संस्था उद्यम कार्यक्रम"** भन्नाले पालिका भित्रका प्राविधिक तथा व्यावसायिक धाररशिक्षा लागु भएका वा नमुना सामुदायिक माध्यमिक बिद्यालयहरुमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

ख) **"उपाध्यक्ष"** भन्नाले मोलुङ गाउँपालिका उपप्रमुखलाई सम्झनु पर्दछ ।

ग) **"मन्त्रालय"** भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

घ) **"शैक्षिक संस्था"** भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्था सम्झनु पर्दछ ।

ङ) **"बिद्यार्थी उद्यमी क्लब"** भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

च) **"उद्यम कोष"** भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

छ) **"उद्यम कोष सञ्चालक समिति"** भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

ज) **"संरक्षक समिति"** भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

Radha

झ) **"साझेदार संस्था"** भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र  सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

ञ) **"पूर्व विद्यार्थी मञ्च"** भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ट) **"विज्ञ"** भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनु पर्छ ।

ठ) **"विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले"** विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

ड) **"प्राविधिक तथा व्यावसायिक धार भन्नाले"** विद्यालय तहमा (कक्षा९-१२)प्राविधिक तथा व्यावसायिक शिक्षा लागु भएका विद्यालय सम्झनु पर्छ ।

ढ) **"सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा भन्नाले"** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृति लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ .

ण) **"नमूना विद्यालय भन्नाले"** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट नमुना विकासका लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ .

४. उद्देश्यः एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रमुख उद्येश्य उद्यमशीलता मार्फत् सार्वजनिक शिक्षाको सबलीकरणका गर्नु हो भने अन्य उद्येश्यहरु देहायबमोजिम रहेका छन् .

क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने .

घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

५ लक्षित शैक्षिक संस्थास् देशभरिका प्राविधिक तथा व्यावसायिक धाररशिक्षा लागू भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन् ।

६. उद्यम क्षेत्र  स्शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन्.

क) कृषि तथा पशुपञ्छिमा आधारित उद्यम व्यवसाय,

ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

घ) पर्यटन प्रवद्र्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

च) कलामा आधारित उद्यम व्यवसाय,

छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय .

**७. बिद्यार्थी उद्यमी क्लबः** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२. बिद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य अधिकार देहाए बमोजिम हुनेछ ।

क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्ने ।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य,समन्वय, साझेदारी गर्ने ।

ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

ङ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमाबर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८. उद्यम कोषको सञ्चालन**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ. उक्त कोष सञ्चालन गर्नको लागि देहायबमोजिम उद्यम कोष सञ्चालक समिति रहनेछ.

क) विद्यालयको प्रध्यानाध्यापक -अध्यक्ष

ख)उद्यमी विद्यार्थी क्लबका अध्यक्ष -सदस्य

ग)विद्यालयको लेखा हेर्ने कर्मचारी - सदस्य सचिव

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख)उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५) प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।
ग)उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।
घ)उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।
ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।
क) शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम
ख) प्रदेश सरकारबाट प्राप्त अनुदान
ग) उद्यमबाट प्राप्त आम्दानी
घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम
ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम
च)अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम
४) उद्यमकोषबाट देहाय अनुसार खर्च गर्न सकिनेछ । उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ । उद्यम कोषको आम्दानीको (५) प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

**९. संरक्षक समितिको गठनः "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम"**को संरक्षकका रुपमा देहायबमोजिम एक संरक्षक समिति रहनेछः-

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अध्यक्ष
ख) विद्यालय रहेको वडाको वडाध्यक्ष सदस्य
ग) विद्यालयको प्रध्यानाध्यापक सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने ।
ख) एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।
ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने ।

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

(१). शैक्षिक संस्था छनौटका आधारहरूः- (१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ .

| क स | छनौटका आधारहरु | बढीमा१०० अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १० |
| ३ | उद्यमी विद्यार्थी क्लवको गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ५ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिकपूर्वाधार(पानी,विजुली जग्गा) | २० |
| ८ | माध्यमिक तहको विद्यार्थी संख्या (९-१२) | १० |

(२) प्राविधिक तथा व्यावसायिक धाररशिक्षा लागू भएका नमुनासामुदायिक माध्यमिक विद्यालयलाइ विशेष प्राथमिकता दिईने छ ।

**११.सूचना प्रकाशनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि मोलुङ गाउँ पालिकाको कार्यालयबाट इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि (३०)दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

**३) शैक्षिक संस्था छनौट समितिः** मोलुङ गाउँपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी कम्तीमा तीन सदस्य समिति मार्फत् शैक्षिक संस्था छनौट गर्नुपर्नेछ।

**प्रमुख प्रशासकिय अधिकृतः- संयोजक**

**शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखः- सदस्य सचिव**

**गाउँ शिक्षा समिति अध्यक्षले सिफारिस गरेको विज्ञान बिषयको मा.वि. शिक्षकः- सदस्य**

४) शैक्षिक संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) शैक्षिक संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकतानुसार विद्यालयहरुको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

१२. उद्यम सम्झौताः (१) शैक्षिकसंस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र पालिकाबीच तोकिए बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ ।

१३. प्रतिवेदनः (१) शैक्षिक संस्थाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ . त्यसपछि त्रैमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

१४. लेखा परीक्षणः (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राख्नु पर्नेछ ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शैक्षिक संस्थाले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ ।

३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित शैक्षिक संस्थाको हुनेछ .

**१५. अनुगमन तथा मूल्याङ्कनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ. यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राख्नुपर्नेछ .

(२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरू लिन सक्ने छ .

**१६. पुरस्कार** गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा सहयोग पुर्‍याएको,

घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

ङ) उद्यम मार्फत नवप्रवर्द्धन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको बृद्धिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन.

**१७. दण्ड सजायः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई पालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराइने छैन ।

२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको वजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविधः** यस कार्यबिधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**१९. निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

२). कार्यढाँचा संसोधन गर्न सक्नेः आवश्यकता अनुसार गाउकार्यपालिकारनगरकार्यपालिकाबाट यस कार्यढाँचा संशोधन गर्न सकिनेछ ।

२१.वाधा अड्काउ फुकाउनेः- यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउ कार्यपालिकार~~नमर कार्यपालिका~~बाट बाधा अड्काउ फुकाउन सकिनेछ .